# जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
## मधेश प्रदेश, नेपाल

फोन: ५२०५२०, ५२०१४६
फ्याक्स : ५२०५१०
Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com


**पत्र संख्या :- ०८०/०८१**

**चलानी नं. :-**

तेस्रो पटक प्रकाशित मितिः-२०८०/०६/०४

विषयः- बोलपत्र आह्वानको ७ दिने सूचना

नगर क्षेत्र भित्रको विज्ञापन कर सामग्रीहरुको विज्ञापन कर असुल उपर गर्न आर्थिक ऐन २०८० को दफा (८) को अनुसुची (७) बमोजिम पहिलो पटक मिति २०८०/०४/०१गते रदोस्रो पटक मिति२०८०/०५/०३ गतेमा प्रकाशित सूचना बमोजिम एउटा पनि बोलपत्र दर्ता हुन नआएकोमा यो ७(सात) दिने तेस्रो पटकको शिलबन्दी बोलपत्र आह्वान गरिएकोले ईच्छुक विज्ञापन एजेन्सीबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. मुल्य अभिवृद्धि करमा दर्ता भई कर चुक्ता भएको विज्ञापन एजेन्सीले मात्र बोलपत्र लिन पाउनेछ ।
२. यो सुचना प्रकाशित मितिले ७(सात) दिन भित्र यस कार्यालयबाट रु.३०००.०० (अक्षरेपी रु. तीन हजार मात्र) तिरी निवेदन सहित मिति २०८०/०६/१० गते दिनको ५:०० बजे सम्म बोलपत्र खरिद गर्न सकिनेछ ।
३. ज.उ.म.न.पा.अन्तर्गत लाग्ने विज्ञापन कर ज.उ.म.न.पा.ले तोकेको दर बमोजिम ठेकेदारले असुल उपर गर्न पाउनेछ।
४. ठेक्का कबुल अंकको नेपाली विज्ञापन एजेन्सीले ५ प्रतिशत रकम यस कार्यालयको रा.वा.बैंक जनकपुरधाम (भानु चौक शाखा) मा रहेको यस ज.उ.म.न.पा.को धरौटी खाता नं. १२२०१००३०३००००७ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
५. ठेक्का स्वीकृत भएपछि कबुल रकम दुई किस्तामा बुझाउनु पर्नेछ जस मध्ये पहिलो किस्ता वापतको रकम सम्झौता हुनु पुर्व तथा अन्य किस्ता वापतको बैंक ग्यारेण्टी बुझाए मात्र सम्झौता गरिनेछ ।
६. नेपाल सरकार लाई बुझाउनु पर्ने सबै किसिमको कर ठेकेदारले नै बुझाउनु पर्नेछ ।
७. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन,करारनामा उल्लेखित शर्त बमोजिम काम गर्नुपर्नेछ ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार ज.उ.म.न.पा.मा निहित रहनेछ ।
९. बोलपत्र भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर स्पष्ट रुपमा भरी राम्ररी खामबन्दी गरी शिलबन्दी लाहाछाप लगाई आफ्नो नाम र ठेगाना समेत लेखि विज्ञापन करको शिलबन्दी टेण्डर मिति २०८०/०६/११ गते दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ ।
१०. बोलपत्र फारम मिति २०८०/०६/११ गते दिनको २ बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ, उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि टेण्डर खोलिने कार्य रोकिने छैन ।
११. ठेकेदार तथा ज.उ.म.न.पा बिचकुनै किसिमको मतभिन्नता भएमा ज.उ.म.न.पा.को निर्णय अन्तिम हुनेछ ।
१२. यसमा नपरेका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
१३. ठेक्का अवधि आ.व.२०८०/०८१ आषाढ मसान्त सम्मको लागि कायम रहनेछ ।
१४. बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८०/०६/१० गते र बोलपत्र दर्ता मिति २०८०/०६/११ गते सार्वजनिक विदा परेको खण्डमा सोको भोली पल्ट उक्त कार्यहरु सम्पादन गरिनेछ ।
१५. आ.व.२०८०/०८१ को लागी न्युनतम कबोल रकम रु.३१०००००.००( रु.एकतिस लाख मात्र) कायम गरिएको छ ।
१६. कानुनले निषेध गरेका विज्ञापन सामग्री विज्ञापन गर्न पाउने छैन ।
१७. यस उपमहानगरपालिकाले जानकी मन्दिर लाई विश्व सम्पदा सुचीमा सुचिकृत गर्न तोकिएको प्रस्तावित सम्पदा क्षेत्रभित्र कुनै किसिमको विज्ञापन गर्न गराउने कार्य पुर्ण रुपले निषेध गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत